वैठक नं ७

मितिः २०८२।१०।१४ गते बुधबार, जिल्ला कानूनी सहायता समिति, जाजरकोटको जिल्ला कानूनी सहायता समिति जाजरकोटका अध्यक्ष जिल्ला न्यायाधिवक्ता नगेन्द्र लम्सालको अध्यक्षतामा वैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

श्री नगेन्द्र लम्साल, अध्यक्ष

अधिवक्ता श्री भीमबहादुर सिंह, सदस्य

(अध्यक्ष, जाजरकोट जिल्ला अदालत बार इकाई)

आमन्त्रित

अधिवक्ता श्री सहदेव जंग शाह, जिल्ला कानूनी सहायता अधिकारी

अधिवक्ता श्री निमबहादुर शाही

छलफलका विषयहरू

१) समितिको खाता सञ्चालन सम्बन्धमा ।

२) समितिको सदस्य मनोनयन सम्बन्धमा ।

निर्णयहरु

निर्णय नं १) प्रस्ताव नं १ उपर छलफल गर्दा जिल्ला कानूनी सहायता समिति जाजरकोटको नेपाल बैंक लिमिटेड जाजरकोट शाखामा रहेको बैंक खाता नम्बरः ०७५००१०११९५५५९००००००१ जिल्ला न्यायाधिवक्ता/पदेन अध्यक्ष नविनकुमार भट्ट र कानूनी सहायता अधिकारी सहदेव जंग शाहको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुँदै आएको थियो । यस अघि खाता सञ्चालन हुँदै आएका जिल्ला न्यायाधिवक्ता/पदेन अध्यक्ष नविनकुमार भट्ट सरुवा भई उच्च सरकारी वकील कार्यालय जुम्लामा रमाना हुनभएको तथा जिल्ला न्यायाधिवक्ता नगेन्द्र लम्साल मिति २०८२।०९।१४ गते जिल्ला सरकारी वकील कार्यालय जाजरकोटमा हाजिर हनुभएकोमा अव उप्रान्त जिल्ला कानूनी सहायता समिति जाजरकोटको नेपाल बैंक लिमिटेड जाजरंकोट शाखामा रहेको बैंक खाता जिल्ला न्यायाधिवक्ता/पदेन अध्यक्ष नगेन्द्र लम्साल र जिल्ला कानूनी सहायता अधिकारी सहदेव जंग शाहको संयुक्त दस्तखतबाट सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं २) प्रस्ताव नं २ का विषयमा छलफल गर्दा जिल्ला कानूनी सहायता समितिको रिक्त सदस्य पदमा कानूनी सहायता सम्बन्धी ऐन, २०५४ को दफा ७ को उपदफा (१) खण्ड (ग) बमोजिम जिल्लाका कानून व्यवसायीहरुमध्ये जिल्ला समितिबाट मनोनित दुई जना कानून व्यवसायी मनोनयन गर्न सक्ने कानूनी व्यवस्था अनुसार हाल जिल्लामा क्रियाशील कानून व्यवसायीहरुको संख्या समेत न्यून भएकोमा जिल्लामा क्रियाशील कानून व्यवसायी अधिवक्ता श्री निमबहादुर शाहीलाई (प्रमाण पत्र नं ९८०५) लाई सोही ऐनको दफा ७ को उपदफा (२) बमोजिम तीन वर्षका लागि सर्वसम्मत्तिले मनोनयन गर्ने निर्णय गरियो ।